

# ६ अब्राहमका आस्थाका मूलहरु

*__यस अध्यायका मूल पदहरू:__* उत्पत्ति १२, यशैया ४८:२०, यशैया ३६:६,९, यर्मिया २:१८, उत्पत्ति १३, उत्पत्ति १४ र हिब्रू ७:१-१०।

*__यस अध्यायको मूल सार पद:__* **" विश्वासद्वारा अब्राहामले आज्ञापालन गरे, र जाऊ भनेको ठाउँतिर गए, जुन ठाउँ उत्तराधिकारको रूपमा उनले पछि पाउनेथिए, यद्यपि उनी कतातिर गइरहेका थिए, त्यो उनलाई थाहा थिएन" (हिब्रू ११:८)।**

अब हामी उत्पत्तिको पुस्तकको मध्य भागमा आइपुगिसकेका छौं। यस मध्य भागले (उत्पत्ति १२-२२) परमेश्वरले अब्राहमलाई पहिलोपल्ट अऱ्हाउनुभएको "जाऊ" जसलाई हिब्री भाषामा लेख्लेखा lekhlekha भनिन्छ (उत्पत्ति १२:१)लाई सहस्र स्वीकार गरि उनले आफ्नो पुर्ख्यौली घर वा बाबुआमाको घरबस्तीबाट यात्रा गर्छन्। उनले आफ्नो विगतको जीवनलाई छोड्छन्। अनि परमेश्वरको दोस्रो आह्वान "जाऊ" वा लेख्लेखा lekhlekha (उत्पत्ति २२:२)को विवरण लेखिएको छ। यसमा उनले भविष्यलाई छोड्नुपर्ने हुन्छ (जुन उनको छोरामा हुन्छ)। त्यसको फलस्वरूप, अब्राहम जहिले पनि घुमेको घुमै हुनुपरेको थियो। अर्थात् उनी यात्रा गरिरहनुपर्दा उनी जहिले पनि प्रवासी हुनुपरेको थियो। त्यसकारण, उनलाई यस संसारमा "प्रवासी", "विदेशी" वा "पाहुना" भनेर सम्बोधन गरिन्छ (उत्पत्ति १७:८ रूपान्तरित)। उनको स्थायी घर, जमिन यस संसारमा कहिल्यै पनि स्थापना गर्न सकेनन्।

अब्राहम आफ्ना बाबुआमाको घरबाट निस्केपछि हजारौं किलोमिटर यात्रा गर्नुपरेको थियो। उनको विगतको जीवन शुन्यतामा परिणत भएको थियो। परिचित ठाउँलाई गुमाएर अपरिचित ठाउँमा उनले यात्रा गर्नुपरेको थियो। भविष्य के हो उनले देखेका थिएनन्। परमेश्वरले निस्केर आउनु भनेर

अब्राहमलाई अऱ्हाउनुभएको दुई आदेशहरूको बीचमा उनको विश्वासको यात्राको खाका वा रूपरेखा तयार भएको पाइन्छ। अब्राहमलाई विश्वस्त बनाउने परमेश्वरको यो आवाज सुन्दछन्, "नडराऊ" (उत्पत्ति १५:१)। तीन अध्यायहरूको अध्ययनमा यो परमेश्वरको शब्दलाई मध्यनजर राख्दै अध्ययन गरिनेछ। ती तीन अध्यायहरू हुन् ६,७ र ८।

विश्वासको अनुकरणीय उदाहरण (उत्पत्ति १७:६) अब्राहम हो भनेर हामीलाई देखाइएको छ। हिब्रू धर्मशास्त्रहरूमा उनी विश्वासको पुरुष भनेर सम्बोधन गरिएको छ (नेहमिया ९:७,८)। नयाँ करारमा पुरानो करारका पात्रहरूबाट धेरै उल्लेख गरिने नाउँ अब्राहम हो। उनको नाउँ किन धेरै उल्लेख गरिन्छ भन्ने कुरो यस अध्यायमा हामी हेर्नेछौं।

## १. अब्राम यात्राको निम्ति प्रस्थान

**परमेश्वरले अब्राहमलाई उनको पुर्खौली घरबार, देश र परिवारबाट निस्केर आऊ भनेर किन भन्नुभयो? अब्राहमले परमेश्वरको बोलाहतलाई कसरी माने? हेर्नुहोस्, उत्पत्ति १२:१-९ "१ परमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रा कुटुम्ब तथा तिम्रा पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ। २ "म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ। ३ तिमीलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु। तिमीद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।" ४ यसैकारण परमप्रभुले भन्नुभएबमोजिम अब्राम गइहाले, र लोत पनि तिनीसँग गए। हारानबाट निस्केर जाँदा अब्राम पचहत्तर वर्षका थिए। ५ अब्राम, तिनकी पत्नी साराई र तिनका भतिजा लोत र तिनीहरूले जम्मा गरेका सबै धन-सम्पत्ति र हारानमा प्राप्त गरेका मानिसहरूलाई लिएर कनान देशमा जानलाई निस्के, अनि त्यहाँ पुगे। ६ अब्राम त्यस देशबाट भएर शकेममा भएको मोरेका फलाँटको रूख भएको ठाउँसम्म पुगे। त्यस बेला त्यस ठाउँमा कनानीहरू बस्थे। ७ परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र तिनलाई भन्नुभयो, "म तिम्रा सन्तानलाई यो देश दिनेछु।" यसैले तिनीकहाँ देखा पर्नुभएको परमप्रभुको निम्ति तिनले त्यहाँ एउटा वेदी बनाए। ८ त्यहाँबाट तिनी हिँड़िर बेथेलको पूर्वपट्टि भएको पहाड़मा सरे, र बेथेललाई पश्चिम र ऐ सहरलाई पूर्वपट्टि पारेर आफ्नो पाल टाँगे। तिनले परमप्रभुको निम्ति एउटा वेदी बनाएर परमप्रभुका**

**नाउँको पुकारा गरे। ९ अनि अब्राम अझै यात्रा गर्दै नेगेव भनिने दक्षिण देशतिर गए।"**

परमेश्वरले व्यक्तिव्यक्तिसँग अन्तिम कुरा गर्ने व्यक्ति नोहा थिए। अरूहरूसँग पनि उहाँले कुरा गर्नुभयो होला। तर, जलप्रलयपछि अन्तिम पटक परमेश्वरले कुरा गर्नुभएको व्यक्ति नोहा नै थिए। आफ्नो करार सबै जीव वा प्राणीसँग स्थापना गर्नेछु भनेर परमेश्वरले मोशालाई विश्वस्त पार्नुभएको थियो (उत्पत्ति ९:१५-१७)। विश्वलाई ध्वस्त पार्नेगरि अर्को जलप्रलय फेरि कहिल्यै हुनेछैन भनेर परमेश्वरले बाचा बाँध्नुभएको थियो। अब, त्यही बाचासँग सम्बन्ध जोड्नुभएर परमेश्वरले अब्रामलाई नयाँ बोलिबोल्नुहुन्छः विश्वमा भएका सारा राष्ट्रहरू अब्रामद्वारा आशिष पाउनेछन्।

यो भविष्यवाणीलाई पूरा गर्न अब्रामले विगत वा आफ्ना देश तथा घरवारलाई छोड्नु परेको थियो। अब्रामले चिनेका साथीभाइहरू, आफन्तहरू, परिवार, देश र मानौं आफ्नै शरीरको टुक्रा नै उसले छोड्छ। उनले पुर्खौली सम्पत्तिको दावी पनि छोड्छ। आफ्नो घरबार छोड्ने अब्रामको जोश जाँगर कहाँबाट आयो त? त्यो परमेश्वरको आह्वान "जाऊ" भनेर सात पल्ट त्यही सन्दर्भमा गर्नुभएकोबाट आएको थियो। अब्रामले आफ्नो देश "कल्दीहरूको ऊरलाई" (उत्पत्ति ११:३१) पहिले छोड्नु परेको थियो। यो देश बेबिलोनीय भूमि थियो (यशैया १३:१९)। "बेबिलोनबाट निस्केर आउनु" भन्ने आह्वान, बाइबलका अगमवक्ता वा परमेश्वरका जनहरूको लामो इतिहासको एक पक्ष हो (यशैया ४८:२०, प्रकाश १८:४)। अब्रामले आफ्नो परिवार पनि छोड्नु भनेको चानचुन मामिला होइन। उनको पुर्खौली सम्पत्तिमात्र होइन, उनले सिकेमा शिक्षा, ज्ञान र समाजमा भएको उनको प्रभाव पनि त्याग्नुपरेको थियो। बेबिलोनबाट उनी निस्कनु भनेको केवल उनी हुर्केका वातावरण र परिवारबाट अलग हुनुमात्र थिएन। अब्रामले आफूलाई नै छोड्नुपरेको थियो। बेबिलोन सभ्यतामा रमाएका सबै परम्परा, इतिहास, संस्कार, संस्कृति र यश अर्थात् गौरबलाई उनले चतक्कै छोड्नुपरेका थियो।

कस्तो अचम्म! ती सबै थोक उनले छोड्नुपर्ने मूख्य लक्ष्य नै परमेश्वरले "देखाउनु हुनेमात्र" भूमिमा जानु थियो (उनले त्यो देशमा जग्गा जमिन जोडेर, घरबार निर्माण गरेर त्यो देशको राजा वा सर्वेसर्वा हुने भनेर परमेश्वरले उनलाई प्रतिज्ञा गर्नुभएको थिएन तर केवल "देखाउनेमात्रै रे!"-अनुवादकको प्रतिक्रिया) फेरि,यही लवज इसहाकलाई बलि चढाउने सन्दर्भमा

प्रयोग गरिने थियो (उत्पत्ति २२:२)। इसहाकलाई बलि चढाउने मोरियाको पहाडमा स्थापना हुने यरुशलेमको मन्दिर (२ इतिहास ३:१)तिर लक्षित गरि परमेश्वरले बोल्नुभएको थियो। परमेश्वरको प्रतिज्ञा केवल भौतिक घरमात्र नभएर सारा संसारलाई उपलब्ध गराउने मुक्तिको पनि थियो। यो अवधारणाको प्रतिज्ञा परमेश्वरले उत्पत्ति १२:२,३मा फेरि दोहोऱ्याउँदै आफ्नो प्रतिवद्धता जनाउनुभएको थियो। यस अंशमा क्रियापद barakh बाराख "आशिष" पाँच पल्ट देखा परेको छ। विश्वव्यापी आशिषको प्रक्रिया अब्रामको सन्तानबाट परिचालन हुने भनिएको छ (उत्पत्ति २२:१८, उत्पत्ति २६:४, उत्पत्ति २८:१४)। "सन्तान" भन्ने शब्द त्यस पदमा दिइएको छ। त्यो,आखिरमा आएर येशू ख्रीष्टमा पूरा हुनेवाला थियो (प्रेरित ३:२५)।

**परमेश्वरले तपाईंलाई के त्याग भन्नुभएको होला; वा परमेश्वरको आह्वानलाई आत्मसात् गर्न तपाईंले आफ्नो जीवनको के भाग त्याग्नुपर्छ होला?**

## २. मिश्र देशमा परिक्षा

**परमेश्वरले प्रतिज्ञा गर्नुभएको देश अब्रामले किन छोड्नुपरेको होला? अब्रामको तुलनामा राजा फारोको व्यवहार कस्तो थियो? हेर्नुहोस् उत्पत्ति १२:१०-२० "१० अनि त्यस देशमा अनिकाल पऱ्यो। अनिकाल तीव्र भएको हुनाले अब्राम मिश्रदेशमा प्रवास गर्नलाई गए। ११ तिनी मिश्रमा पस्नै लाग्दा तिनले आफ्नी पत्नी साराईलाई भने, "हेर, तिमी हेर्नमा सुन्दरी छ्यौ भन्ने मलाई थाहा छ। १२ जब मिश्रीहरूले तिमीलाई देख्छन्, 'यो त त्यसकी पत्नी रहिछ' भन्नेछन्। र मलाई मारेर तिमीलाई चाहिँ जीवित राख्नेछन्। १३ 'म तिनकी बहिनी हुँ' भनी तिमीले भनिदेऊ, र तिम्रो कारण मलाई भलो हुनेछ, र तिम्रै कारण मेरो ज्यान जोगिनेछ।" १४ जब अब्राम मिश्रमा पसे तब मिश्रीहरूले त्यस स्त्रीलाई अत्यन्त सुन्दरी रहिछन् भनी देखे। १५ अनि फारोका अधिकारीहरूले तिनलाई देखेर फारोकहाँ तिनको तारीफ गरे, र तिनलाई फारोको महलमा लगे। १६ तिनको खातिर फारोले अब्रामसँग राम्रो व्यवहार गरे, र अब्रामलाई भेड़ा, गाईबस्तु, कमारा-कमारी, गधा र ऊँटहरू दिए। १७ तर परमप्रभुले अब्रामकी पत्नी साराईको कारणले फारो र उनको परिवारमाथि भयानक विपत्तिहरू पठाउनुभयो। १८ यसकारण फारोले अब्रामलाई बोलाएर भने, "यो तिमीले मलाई के गऱ्यौ? तिनी तिम्री पत्नी हुन् भनेर तिमीले मलाई किन भनेनौ? १९ 'तिनी मेरी बहिनी हुन्,' भनेर तिमीले किन भन्यौ? यसैले मैले तिनलाई मेरी पत्नी तुल्याउन लगेको हुँ। अब हेर, तिम्री पत्नी यहीँ छिन्। तिनलाई लिएर जाऊ।" २० अनि**

**फारोले आफ्ना मानिसहरूलाई तिनको विषयमा हुकुम गरे, र तिनीहरूले अब्रामलाई तिनकी पत्नी र तिनीसँग भएका सबै थोकहरूसमेत पठाइदिए।"**

परमेश्वरले प्रतिज्ञा गर्नुभएको देश रे, त्यहाँ आउनु बितिक्कै त्यो देशमा अनिकाल पो पऱ्यो (उत्पत्ति १२:१०) तर, आफ्नो देशमा फर्केर नगइकन बिदेशमा पो शरण लिन अब्राम पुग्नुपऱ्यो! कनानमा अनिकाल लाग्दा त्यहाँका मानिसहरू मिश्र देशमा जानुपर्ने विवरण इजिप्ट वा मिश्र देशको इतिहासका पानाहरूले बताउँदछन्। मध्य राज्य वा मिश्र (ई.पू. २०६०-१७००) युगमा मिश्र देशमा मेरक्यर फारो राजाले एउटा शिक्षानीति अपनाएर लिपि लेखेका थिए। त्यसमा उनले कनानबाट आएका मानिसहरू "दुःखित र कहालीलाग्दो एशियाटिक" (एमु aamu) र "दयनीय, बिचरा मानिसहरू जो पानीको अभाव भएको ठाउँबाट आएकाहरू र खानाको अभावमा एकै ठाँउमा बसोबास नगरि घुमिरहने घुमन्ते थिए" भनेर लेखेका छन्।"-मिरियम लिखथिम, आन्सिएन्ट इजिप्सिएन लिटरेचर, ठेली १ः द ओल्ड एण्ड मिडिल किङ्गडमस् (बर्क्ली, क्यालिफोर्निया, युनिभर्सिटी प्रेस, १९७३), पृ. १०३,१०४बाट रूपान्तरित।

परमेश्वरले प्रतिज्ञा गर्नुभएको देशमा आफूहरूले अपेक्षा गरेको अनुसार फर्किन जान नपाउँदा होस् वा अरू कारणले होस् पौराणिक इस्राएलीहरूको निम्ति मिश्र देशमा जाने चाहना जहिले पनि भइरहेको पाइन्छ (गन्ती १४:३, यर्मिया २:१८)। मिश्र देशले तिनीहरूलाई जहिले पनि आकर्षित पारिरहेको इस्राएलीहरूको इतिहासले बताउँदछ। बाइबलको अर्थमा मिश्र देश भनेको परमेश्‌वरलाईभन्दा मानिसले मानिसमाथि भरोसा राख्ने थलोको प्रतिक हो (२ राजा १८:२१, यशैया ३६:६,९)। मिश्र देशमा पानीको अभाव थिए। त्यहाँ दिन दिनै प्रसस्तमात्रामा पानी पाइन्थ्यो। त्यसकारण, पानीको निम्ति विश्वासको आवश्यकता थिएन। मिश्र देशको उर्बरा जमिनको दृश्य इस्राएलीहरूको दिमागमा जहिले पनि थियो। कनान देशमा अनिकाल परेकोले  मिश्र देशमा जान अब्रामले उचित ठानेका थिए। तर, अब्रामलाई कनान देशमै राहत दिने प्रतिज्ञा उनले केही समयको निम्ति भूले।

अब ऊरबाट विश्वाससाथ निस्केकाको विपरित अब्राम, अर्कै अब्राम भएर मिश्रमा पुगे। परमेश्वरकै आवाजमा भरोसा र विश्वास राखेर ऊर वा आफ्नो पुर्खौली घर छोडेकोले उनलाई विश्वासको लौह पुरुष भनिएको थियो; अहिले उनको आफ्नै इच्छाले परमेश्वरसँग प्रार्थना नै नगरि उनलाई प्रतिज्ञा

गरिएको भूमि छोड्छन्। पहिला, अब्रामले परमेश्वरमाथि भरोसा राख्नु परेको थियो; अब, उनी आफ्नै अनुभवमा भर पर्छन्, आफ्नै सोचविचारलाई परिचालन गर्न आफूलाई लगाउँछन्, साथै उनी नैतिकविहिन राजनितिज्ञ र आफ्ने निर्णयमाथि भरोसा राख्ने व्यक्तिको रूपमा आफूलाई प्रस्तुत गर्छन्। "मिश्रदेशमा रहेको समयमा, मानविय कमजोर र परमेश्वरमा परिपक्व वा सिद्ध विश्वासको कमीबाट आफू स्वतन्त्र नभएको अब्राहमले प्रमाणित गर्दछन्। सारा उनकी श्रीमती हुन् भन्ने तथ्यलाई उनले लुकाउँछन्। त्यस क्रियाले उनीमाथि परमेश्वरले गर्नुहुने हेरचाहको प्रतिज्ञालाई लत्याएको देखिन्छ। उनीमा हुनुपर्ने महान् विश्वास र साहस प्रायजसो कमी भएको उनको जीवनको प्रतक्ष्य उदाहरणले देखाउँदछ।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ३०बाट रूपान्तरित।

परमेश्वरको महान् लौह पुरुष पनि कहिले कहिले गल्ती गर्दो रहेछ र पनि उहाँले उसलाई त्यागनुहुन्न भन्ने ज्वलन्त उदाहरण अब्राहमको कथाले हामीलाई बताउँदछ। जब नयाँ करारले अनुग्रहबाटमात्र मुक्ति पाइन्छ भनेर अब्राहमलाई औंल्याउँदै चर्चा गर्छन्, तब परमेश्वरको अनुग्रहलेमात्र उनी परिचालन भएको देखाउँछ। त्यसको अर्थ स्पष्ट छ, अब्राहम उनको धर्मकर्म आदिले परमेश्वरको निगाहा पाएको होइन तर परमेश्वरकै अनुग्रहले उनले निगाहा पाएको थियो। त्यसरी नै, यदि अनुग्रह भएन भने हामी पनि अब्राहम जस्तै आशाबिना भौंतारिरहेका हुनेछौं।

**येशूमा जतिसुकै हस्ती विश्वासीहरू हौं भनेर दावी गरेतापनि कतिपय समयमा हामी पनि ठिक बाटोमा हिंड्न चुक्ने रहेछ भनेर अब्राहमको त्यस कथाले हामीलाई कसरी सिकाउँदछ। परमेश्वरको वचनको अवज्ञा गरेर चल्ने निर्णय कहिल्यै पनि असल होइन भन्ने कुरामा हामी कसरी सजग हुने?**

## ३. अब्राम र लोत

**मानिसको चरित्र कतिको महत्त्व रहेछ भनेर उत्पत्ति १३:१-१८मा उल्लेख गरेको कथाले हामीलाई कसरी सिकाउँदछ? हेर्नुहोस्, "१ अब्राम, तिनकी पत्नी र तिनीसँग भएका सबै थोक र लोतलाई साथमा लिएर मिश्रबाट उक्लेर नेगेवमा आए। २ पालिने पशु, सुन र चाँदी भएकाले अब्राम अति धनाढ्य थिए। ३ तिनी नेगेवबाट यात्रा गरेर बेथेलको त्यस ठाउँमा आइपुगे जहाँ अघि सुरुमा बेथेल र ऐको बीचमा तिनको पाल टाँगिएको थियो, ४ र जहाँ तिनले पहिले वेदी बनाएका थिए। त्यहाँ अब्रामले परमप्रभुका नाउँको पुकारा गरे। ५ अब्रामको**

**साथमा लागेका लोतका पनि भेड़ाबाखा र गाईबस्तुहरूका बथान र पालहरू
थिए। ६ त्यस जमिनले तिनीहरू दुवैलाई सँगै रहेको अवस्थामा धान्न सकेन,
किनकि तिनीहरूका भेड़ाबाखा र गाईबस्तुको सम्पत्ति यति ठूलो थियो कि
तिनीहरू साथसाथै रहन नसक्ने भए। ७ अब्राम र लोतका गाईबस्तुका
गोठालाहरूका बीचमा झगड़ा पनि भयो। त्यस बेला त्यस देशमा कनानी र
परिज्जीहरू पनि बस्थे। ८ यसैकारण अब्रामले लोतलाई भने, "तिम्रो र मेरो
बीचमा र तिम्रा र मेरा गोठालाहरूका बीचमा झगड़ा नहोस्, किनकि हामी त
नातेदार हौं। ९ सारा देश तिम्रै अगि छ। तिमी मबाट अलग होऊ। तिमी
देब्रेतिर गयौ भने म दाहिनेतिर जानेछु, अथवा तिमी दाहिनेतिर गयौ भने म
देब्रेतिर जानेछु।" १० लोतले आफ्ना आँखा उठाएर हेरे, र यर्दनको बेंसीचाहिँ
परमप्रभुको बगैंचाजस्तै, अथवा सोअरतिरको मिश्रदेशजस्तै चारैतिर प्रशस्त पानीले
भिजेको थियो। (परमप्रभुले सदोम र गमोरा सर्वनाश गर्न अघिको कुरो यो हो।)
११ यसैकारण लोतले यर्दनको जम्मै बेंसी रोजेर पूर्वतिर लागे। यसरी यिनीहरू
छुट्टिए। १२ अब्रामचाहिँ कनान देशमा नै बस्न लागे। लोतचाहिँ बेंसीका
सहरहरूमा वास गरे। तिनले आफ्नो पाल सदोमसम्म सारे। १३ सदोमका
मानिसहरू दुष्ट थिए, र परमप्रभुको विरुद्धमा साह्रै पाप गर्थे।**

आफू पहिला कहाँ थियो त्यही ठाउँमा अब्राम फर्किन्छन्। मानौं मिश्र देशमा उनी आफ्नो बाटो बिराएर केही समयको निम्ति गएका थिए। अब्रामसँग परमेश्वरको इतिहास फेरि सुरु हुन्छ। प्रतिज्ञा गरिएको देशमा पुगेर जहाँ पहिला मिश्रदेशमा जाँदा  रोकिएको थियो, त्यहीँबाट फेरि अब्रामको विश्वासको यात्रा सुरु हुन्छ। उनी पहिले बेथेलमा आफ्नो पाल टाँग्छन (उत्पत्ति १३:३)। यही ठाउँमै उनी पहिलो यात्रामा पुगेका थिए (उत्पत्ति १२:३-६)। अब्रामले पश्चाताप गरेर र फेरि पहिलाजस्तै "आफैमा" फर्किएः अर्थात् अब्राम, विश्वासको मानिस।

परमेश्वरसँग आफ्नो सम्बन्ध फेरि सुमधुररूपमा अब्रामले स्थापना गरेका थिए भन्ने प्रमाण उनको अरूहरूसँगको व्यवहारले देखाएको थियो। जमिनको प्रयोगमा आफ्नो भतिजासँग भएको समस्या खडा हुँदा त्यसलाई कसरी सम्हाले त्यो उनको चरित्रको उल्लेखनीय पक्ष भएको देखाउँदछ। आफ्नो भतिजा लोत र उनका जमातसँग आफू शान्तिमा रहन चाहेको अब्रामले देखाएका थिए। शान्ति समक्षदारीको प्रस्ताव लोतसँग अब्रामले पहिले राख्दछन्। सारा देश वा भूमि देखाएर कहाँ सरेर जाने भन्ने निर्णय गर्न

लोतलाई अऱ्हाउँछन (उत्पत्ति १३:९,१०)। यसमा अब्रामले आफू उदारवादी, दयालु र सदाशयी भएको देखाएका थिए। यसले अब्राम कस्तो खालको चरित्र भएको मानिस रहेछ भनेर देखाउँदछ।

लोतले हराभरा र एकदम आरामदायी, मनमुग्ध र सजिलैसँग रमाइलो तरिकाले खेतीपाती गर्न सक्ने ठाउँ आफ्नो निम्ति चुनेका थिए, किनभने सोडोमको उपत्यकामा पानी प्रसस्त थियो (उत्पत्ति १३:१०:११)। तर, उनका भविष्यका छिमेकीहरूको दुष्टता र खराबीको बारेमा उनले चासो राखेनन् (उत्पत्ति १३:१३)। यसले उनी लोभी चरित्र भएको देखाउँदछ। (उत्पत्ति १३:११मा अङ्ग्रेजीमा उल्लेख गरिएको "आफ्नो लागि" भन्ने शब्द नेपाली बाइबलमा उल्लेख गरिएको छैन)। "आफ्नो लागि" भनेर लोतले चुनेको वाक्यले जलप्रलय हुनुभन्दा अघिका मानिसहरूले "आफूहरूको निम्ति मनपर्ने पत्नीहरू छाने" भन्ने कुरोलाई याद दिलाउँछ (उत्पत्ति ६:२)।

लोतको विपरित, अब्रामले चालेको कदम परमेश्वरमाथि आस्थाको चाल थियो। अब्रामले कुन भूमिमा जाने भनेर चुनेनन्; यो परमेश्वरको अनुग्रहले उनलाई दिइएको थियो। लोतको बिपरित, परमेश्वरले नै आदेश दिनुभएको देशमा उनी आँखा राखेका थिए (उत्पत्ति १३:१४)। जब आफ्नो भतिजा लोतसँग छुट्टिए, तब परमेश्वर फेरि अब्रामसँग बोल्नुहुन्छ (उत्पत्ति १३:१४)। ऊरबाट निस्केर आउन परमेश्वरले बोल्नुभएपछि पहिलोपल्ट उहाँ बोल्नुभएको लेखा राखिएको छ। यस मामिलामा यसरी लेखिएको छ, "१४ लोत तिनीबाट अलग भएपछि परमप्रभुले अब्रामलाई भन्नुभयो, “अब तिम्रा आँखा उठाएर तिमी भएको ठाउँबाट उत्तर, दक्षिण, पूर्व र पश्चिमतिर हेर्। १५ तिमीले देखेका सबै ठाउँ म तिमीलाई र तिम्रा सन्तानलाई सधैंको निम्ति दिनेछु। १६ म तिम्रा सन्तानलाई पृथ्वीको धूलोसरह बढ़ाउनेछु, यहाँसम्म कि कसैले धूलो गन्न सक्छ भने तिम्रा सन्तान पनि गन्न सक्नेछ। १७ उठ्, देशको चारैतिर जा, किनकि म त्यो तिमीलाई दिनेछु।” १८ तब अब्रामले आफ्ना पाल सारे, र हेब्रोनमा भएका मम्रेका फलाँटका रूखहरूमा आए। त्यहाँ आएर तिनी त्यहीँ बसोबास गर्न लागे। त्यहाँ परमप्रभुको निम्ति तिनले एउटा वेदी बनाए" (उत्पत्ति १३:१४-१८ रूपान्तरित)। अनि, परमेश्वरले त्यस भूमिमा "हिँड" भनेर अऱ्हाउनुहुन्छ। उनी कतिसम्म हिँड्न सक्छ त्यतिसम्म त्यो ठाउँ उनलाई दिने भनेर परमेश्वरले छुट्याउनुभएको थियो। "उठ, भूमिको लम्बाइ र चौडाइमा हिँड, म यो तिमीलाई दिनेछु" (उत्पत्ति १३:१७- अङ्ग्रेजी

अनुवादहरूमा "लम्बाइ र चौडाइ" भनेर लेखिएको नेपाली बाइबल सोसाइटीको अनुवादमा उल्लेख गरिएको छैन- अनुवादक)। (सैतानले संसारलाई आफ्नो भनेर दावी गरेतापनि पृथ्वीचाहिँ परमेश्वरकै हो भनेर उहाँले दावी गर्न छोड्नुभएको छैन-अनुवादक)।

फेरि, परमेश्वरले अब्रामलाई के दिनुहुने हो सो स्पष्ट छ। यो उहाँको उपहार थियो, अनुग्रहको उपहार थियो, जुन विश्वासद्वारा अधिकार प्रयोग गर्नुपर्दथ्यो। फेरि त्यस्तो खालको विश्वास हो, जसले परमेश्वरको आज्ञालाई पालन गर्नुपर्दथ्यो। परमेश्वरले "चारैतिर भूमिमा हिँड" भनेर अऱ्हाउनुहुँदा उनी हिँड्नुपरेको थियो। अब्रामलाई जे दिइने प्रतिज्ञा गरिएको थियो, त्यो उनको कामले होइन तर परमेश्वरकै कामले उनलाई उपलब्ध गराइएको थियो (उत्पत्ति १३:१४-१७)।

**अरूहरू हामीप्रति दयालु, उदारवादी र संवेदनशील नहोला, तर हामी परमेश्वरका जनहरू भएको हैशियतले तिनीहरूप्रति हामी कसरी उदारवादी, दयालु, संवेदनशील हुने? (हामी परमेश्वरसँग कसरी हिँडिरहेका छौं भनेर देखाउन अरूहरूले हामीप्रति कस्तो व्यवहार गर्छले होइन बरु अरूहरूप्रति कस्तो व्यवहार हामी गर्छौं भनेर देखाइरहेका हुन्छौं-अनुवादक)।**

## ४. बाबेलको गठन्धन

**परमेश्वरले अब्रामलाई प्रतिज्ञा गरिएको भूमि उपहारस्वरूप पाएको लगत्तै अब्राहमले युद्धको सामना गर्नुपऱ्यो। त्यस युद्धको उल्लेखनीय पक्ष के हो? यसले अब्रामको बारेमा हामीलाई के सिकाउँदछ? हेर्नुहोस्, उत्पत्ति १४:१-१७ "१ यसै समयमा शिनारका राजा अम्रापेल, एल्लासारका राजा अर्योक र एलामका राजा कदोर्लाओमेर तथा गोयीमका राजा तिदालले २ सदोमका राजा बेरा, गमोराका राजा बिर्शा, अदमाका राजा शिनाब, सबोयीमका राजा शेमेबेर र बेलाका (अर्थात् सोअरका) राजाका विरुद्धमा युद्ध गरे। ३ तिनीहरू सबै सिद्दीम, अर्थात् खारा समुद्रको बेंसीमा जम्मा भए। ४ बाह्र वर्षसम्म त तिनीहरू कदोर्लाओमेरको अधीनमा बसेका थिए। तर तेह्रौं वर्षमा तिनीहरूले विद्रोह गरे। ५ चौधौं वर्षमा कदोर्लाओमेर र उनका मित्र राजाहरू आएर अस्तेरोत-कर्णेममा रपाईहरूलाई, हाममा जूजीहरूलाई, शावेकिर्यातैममा एमीहरूलाई, ६ तथा होरीहरूलाई सेइरको पहाड़ी देशमा मरुभूमिनेर भएको एल-पारानसम्म अधीन गराए। ७ त्यसपछि उनीहरू फर्केर एन-मिशपातमा (अर्थात् कादेशमा)आएर अमालेकीहरूको जम्मै देशलाई र हासेसोन-तामारमा बस्ने एमोरीहरूलाई पनि**

**अधीन गराए। ८ तब सदोम, गमोरा, अदमा, सबोयीम र बेलाका (अर्थात् सोअरका) राजाहरू निस्केर सिद्दीमको बेंसीमा उनीहरूसित युद्ध गर्नलाई मोर्चा बाँधेर जम्मा भए। ९ एलामका राजा कदोर्लाओमेर, गोयीमका राजा तिदाल, शिनारका राजा अम्रापेल, एल्लासारका राजा अर्योकसित, यी पाँच राजाहरूका विरुद्धमा चार राजाहरू। १० सिद्दीमको बेंसीचाहिँ अलकत्राको धापले भरिएको थियो। र सदोम र गमोराका राजाहरू भाग्दाभाग्दै तिनीहरूका कोही मानिसहरू त्यहीँ जाकिए। बाँकी मानिसहरूचाहिँ पहाड़तिर भागे। ११ ती चार राजाहरूले सदोम र गमोराका जम्मै मालसामान र खानेकुरा लिएर आफ्नो बाटो लागे। १२ उनीहरूले सदोममा बसेका अब्रामका भतिजा लोतलाई पनि तिनका सबै मालसामानसमेत लिएर गए। १३ उम्केर भागेको एक जनाले आएर हिब्रू अब्रामलाई यो कुरा बताइदियो। तिनी एश्कोल र आनेरको भाइ एमोरीको मम्रेका फलाँटका रूखहरूनेर बसेका थिए। तिनीहरू अब्रामसित मित्रभावमा थिए। १४ अब्रामले आफ्ना नातेदारलाई कैद गरेर लगेको कुरा सुनेर आफ्नो घरमा जन्मेर तालीम पाएका तीन सय अठाह्र दासहरूलाई साथमा लिएर उनीहरूलाई दानसम्मै खेदेर गए। १५ तिनले शत्रुहरूमाथि आक्रमण गर्न राती आफ्ना दासहरूका बीचमा दल-दल बनाए र उनीहरूलाई परास्त गरे, र दमस्कसको उत्तरतर्फको होबासम्मै उनीहरूलाई खेदे। १६ तिनले सबै मालसामान र तिनका नातेदार लोतलाई र तिनका धन-सम्पत्ति, स्त्रीहरू र मानिसहरूलाई समेत फर्काएर ल्याए। १७ कदोर्लाओमेर र तिनका मित्र राजाहरूलाई जितेर फर्कन्दा शावेको उपत्यका, अर्थात् राजाको उपत्यकामा सदोमका राजा तिनलाई भेट गर्न आए।"**

बाइबलको इतिहासमा उल्लेख गरिएका युद्धहरूमा यो पहिलो युद्ध थियो (उत्पत्ति १४:२)। मेसोपाटामिया र पर्सियाका राजाहरू गठबन्धन गरेर चार वटा सैनिक जत्थाहरू तयार पारेका थिए। तिनीहरू सोडोम र गोमोराह समेत गरेर पाँच कनानी राज्यका सेनिकहरूको बिरुद्धमा युद्ध गरेका थिए (उत्पत्ति १४:८)। यस विवरणले त्यस क्षेत्रमा ठूलो द्वन्द्व भएको थियो भनेर देखाउँछ (उत्पत्ति १४:९)। त्यसबेला सैनिकहरूलाई परिचालन गर्नुपर्ने मूख्य कारण थियो कि कनानका राजाहरूले बेबिलोन राजा कदोर्लाओमेरको विरुद्धमा खडा भएका थिए (उत्पत्ति १४:४,५)। यो स्थानीय ऐतिहासिक द्वन्द्व भएतापनि त्यसबेलाको हिसाबले यो "विश्वव्यापी" युद्ध थियो। परमेश्वरले अब्रामलाई

प्रतिज्ञा गरिएको देश दिनुभएको लगत्तै यो युद्ध हुँदा यसको विशेष गरेर आत्मिक वा अध्यात्मिक अर्थ भएको हामी पाउँछौं।

कनान देशमा बासिन्दाहरू सम्मिलित भएको युद्धले यो देखाउँछ कि कनानी भूमि कस्तो आधिपत्यमा हुने भन्ने विषयमा थियो। यथार्थमा अब्राम नै त्यस भूमिको सही स्वामी थियो, किनभने पृथ्वीको सृष्टिकर्ताले त्यस भूमिलाई अब्रामलाई उपहारस्वरूप दिनुभएको थियो। साँच्चै भनौं भने, त्यस भूमिको अधिकारको लागि अब्रामको ठूलो चासो हुनुपर्दथ्यो। तर, जब त्यहाँ गठबन्धन र युद्ध भयो सुरुमा अब्रामको बल त्यसबाट बाहिर थिए।

त्यस क्षेत्रमा भएको युद्धमा अब्राम ततस्थ थिए। त्यस युद्धमा अब्राम अलग बसेका वा कनानी देशका राजाहरूसँग गठबन्धमा पर्न उनले चासो नदेखाएको विशेष कारण छ। परमेश्वरले दिनुहुने प्रतिज्ञाको देश कुनै सैन्यबल वा राजनिज्ञहरूले चाल्ने कुतनीतिको रणनीति वा बौद्धिक क्षमतालाई परिचालन गरेर उपलब्ध हुने थिएन। आफ्नो भतिजाको सुरक्षाको निम्तिमात्र अब्रामले त्यस युद्धमा हस्तक्षेप गरेका थिए। अब्राहमले छापमासशैली उपयोग गरेर बन्दक बनाइराखेको लोटलाई छुटाएका थिए। उनको साथमा सोडोमको राजालाई पनि अब्राहमले उद्धार गरेका थिए। त्यस क्षेत्रमा भएको युद्धको दौरानमा लोत र परिवारलाई युद्धबन्दी बनाएका थिए (उत्पत्ति १४:१२,१३)।

"माम्रेको रूखको झाडीमा शान्तिसँग बसिरहेको अब्राहमले युद्धबाट बचेर भागेको एक जनाले उनको भाइ लोतको गतिको बारेमा सुनाएको थियो। लोतले आफूले मनपर्ने उपत्यका रोजेकोले उनीप्रति अब्रामको कुनै रिसइबि वा डाहा थिएन। लोत अब्राहमप्रति आभारित थिएन तर पनि उनको कृतज्ञनतालाई अब्राहमले मनमा खेलाएर राखेनन्। आफ्नो भतिजाप्रति अब्राहमको स्नेह थियो। जब उनलाई बन्धक बनाए भनेर अब्राहमले सुने तब  उनलाई छुटाउन निर्णय गरे। परमेश्वरसँग पहिले सरसल्लाह मागेर अब्राहम युद्धको निम्ति तयारी गरे।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १३५बाट रूपान्तरित।

युद्धका सबै मोर्चासँग अब्राम युद्ध गर्दैनन्। अचानक, छिटो र राती नै आफ्नो कमान्डो वा युवाशक्तिहरूलाई परिचालन गरेर लोतलाई बन्धक बनाएको ठाउँमामात्रै अब्रामले आक्रमण गरेका थिए। सोडोमको राजासहित अब्रामले लोतलाई उद्धार गरे। परमेश्वरको बफादारी र आस्थावान मानिसले ठूलो साहस देखाए, र आपतकालिन परिस्थितिमा त्यसको सामना गर्न आफ्नो आत्मबल र आफ्नो मातहतमा भएका मानिसहरूलाई निडर बनाइ राखेका

थिए। त्यसले गर्दा त्यस क्षेत्रमा उनको प्रभाव बढेको थियो। उनले सेवा गरेका परमेश्वरको बारेमा केही कुराहरू त्यस क्षेत्रका मानिसहरूले सिक्ने अवसर पाएका थिए र अब्राम कस्तो खालको व्यक्ति भनेर पनि तिनीहरूले जानकारी पाएका थिए।

**तपाईंको दैनिक जीवनमा तपाईंले कस्तो खालको प्रभाव पारिरहनुभएको छ? तपाईंको व्यवहार वा आचरण र जीवनशैलीले मानिसहरूलाई कस्तो खालको सन्देश तपाईंले दिइरहनुभएको छ?**

## ५. मेल्कीसेदेकलाई दिएको दशांश

**परमेश्वरको उपासक अब्राहमले आफ्नो दशांश चढाएका पुजारी मेल्किसेडेक को हुन्? कहिँ देखा नपरेका त्यस व्यक्त अचानक देखापरेकोलाई अब्रामले आफ्नो दशांस किन दिए? हेर्नुहोस् देहायका पदहरू: "१८ अनि शालेमका राजा मल्कीसेदेक रोटी र दाखमद्य लिएर अब्रामकहाँ आए। उनी सर्वोच्च परमेश्वरका पूजाहारी थिए। १९ उनले अब्रामलाई यसो भनेर आशीर्वाद दिए, "स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने सर्वोच्च परमेश्वरबाट अब्रामलाई आशिष् मिलोस्। २० सर्वोच्च परमेश्वर धन्यका होऊन्, जसले तिम्रा शत्रुहरूलाई तिम्रा हातमा सुम्पिदिनुभयो।" अनि अब्रामले उनलाई सबै कुराको दशांश दिए। २१ तब सदोमका राजाले अब्रामलाई भने, "मलाई मानिसहरू मात्र देऊ, तर धनमालचाहिँ तिमी नै राख्नू।" २२ तर अब्रामले सदोमका राजालाई भने, "स्वर्ग र पृथ्वीका परमप्रभु, सर्वोच्च परमेश्वरमा मैले यसरी किरिया हालेको छु, २३ कि एउटा धागो अथवा जुत्ताको फित्ता वा तपाईंको कुनै पनि थोक म लिनेछैनँ। नत्रता 'मैले अब्रामलाई धनी तुल्याएँ' भनेर तपाईं भन्नुहुनेछ। २४ मसँग हुने मानिसहरूले जति खाएका र तिनीहरूका भागबाहेक म केही हिस्सा लिनेछैनँ। आनेर, एश्कोल र मम्रेले चाहिँ आफ्ना भागहरू लिऊन्" (उत्पत्ति १४:१८-२४) र "१ यिनै मल्कीसेदेक शालेमका राजा र सर्वोच्च परमेश्वरका पूजाहारी थिए। राजाहरूलाई परास्त गरेर फर्कंदा यिनले अब्राहामलाई भेटे, र तिनलाई आशीर्वाद दिए। २ यिनैलाई अब्राहामले सबै थोकको दशांश छुट्ट्याइदिए। यिनको नाउँको अर्थअनुसार यिनी पहिले धार्मिकताका राजा र त्यसपछि चाहिँ शालेमका राजा हुन्, अर्थात् शान्तिका राजा। ३ विनापिता, विनामाता, विनावंशावली, जीवनको आदि र अन्त्य नभएका, तर परमेश्वरका पुत्र स्वरूप, यिनी सदाकाल पूजाहारी भइरहन्छन्। ४ अब विचार गर त, यिनी कस्ता महान् पुरुष थिए, जसलाई अब्राहाम कुलपिताले पनि विजयमा हासिल गरेका थोकहरूको दशांश दिए?**

**५पूजाहारी पदमा नियुक्त भएका लेवी वंशका मानिसहरूले आफ्नै दाजुभाइहरूबाट दशांश लिने आज्ञा व्यवस्थाबमोजिम पाएका थिए, यद्यपि तिनीहरू पनि अब्राहामकै सन्तान थिए। ६ तर लेवीका वंशावलीमा नपर्ने यिनै मानिसले अब्राहामबाट दशांश लिएका हुन्, र प्रतिज्ञाहरू पाउनेलाई नै यिनले आशीर्वाद दिएका हुन्। ७ यसमा विवाद गर्ने केही कुरै छैन, कि सानाले ठूलाबाट आशीर्वाद पाउँछ। ८ एकातिर मरणशील मानिसहरूले दशांश लिन्छन्, अर्कोतिर सदाकाल जीवित रहन्छन् भनी घोषणा गरिएका उनै एक जनाले सो लिन्छन्। ९ कसैले यो पनि भन्न सक्छ, कि दशांश पाउने लेवीले पनि अब्राहामद्वारा नै दशांश दिए। १० किनभने मल्कीसेदेकले अब्राहामलाई भेट्दा लेवी आफ्ना पिताको शरीरभित्रै थिए" (हिब्रू ७:१-१०)।**

अचानक देखा परेका रहस्यमय मेल्कीसेदेक अनौठो मान्नु आवश्यक छैन। आफूहरूलाई उद्धार गर्ने अब्रामलाई तिनीहरूको उपहार लिन कनानी राजाहरूले अनुरोध गरेका थिए। तिनीहरूले अब्रामलाई धन्यवाद दिए पछि तिनीहरूका उपहारहरू ग्रहण गरेनन्। परमेश्वरप्रति आभारित भएका अब्राम आफ्नो धन्यवाद प्रकट गर्न आफ्नो दशांश मल्कीसेदेकलाई दिएका थिए।

मेल्कीसेदेक सालेम सहरको थियो। सालेमको अर्थ "शान्ति" हो। युद्धको भूमरिमा परिरहेको क्षेत्रमा "शान्ति" सन्देश अत्यन्तै उपयुक्त थियो। मेल्कीसेदेकको नाउँमा tsedek ट्सेडेक अर्थात् "न्याय" जोडिएको छ। उनको त्यो नाउँ सोडोमको राजा बेरा ("खराब रूचाउने") र गोमोरा, बिर्शा ("दुष्ट रुचाउने")को बिपरित थियो (उत्पत्ति १४:२)। ती तिनीहरूको बोलाउने नाउँ थियो जसले तिनीहरूको चरित्रलाई देखाएको हुनसक्छ।

अरू कनानी राजाहरूले देखाएका हिंसा र दुष्ट चरित्रको विपरित मेल्कीसेदेक देखापर्छन्। बाइबलमा सबभन्दा पहिले "पुजारी" भन्ने शब्द यहीं देखा परेको छ (उत्पत्ति १४:१८)। मेल्कीसेदेक "उच्च परमेश्वर"को व्यक्ति (उत्पत्ति १४:२२) भनेर उल्लेख गरिएको छ। अब्रामले सेवा गरेको परमेश्वरसँग (उत्पत्ति १४:२२) मेल्कीसेदेकलाई जोड्दा उनी परमेश्वरको पुजारी भनेर अब्रामले देखेका थिए भन्ने बुझाउँछ। मेल्कीसेदेक ख्रीष्टसँग पहिचान गर्न सकिन्दैन वा उहाँ ख्रीष्ट हुनुहुन्छ भन्ने भ्रममा पर्नुहुन्न। एलेन जी ह्वाइटले *द एसडिए कमेन्टरी,* ठेली १, पृ १०९२,१०९३मा बताएको अनुसार मेल्कीसेदेक त्यसबेलाका मानिसहरूको बीचमा परमेश्वरको प्रतिनिधित्व गर्ने व्यक्ति थिए।

हो, मेल्कीसेदेकले पुजारीको पद सम्हालेका थिए। अब्रामलाई उनले "रोटी र दाखमद्य" जुन प्रायजसो अङ्गुरको ताजा रस (व्यवस्था ७:१३, २ इतिहास ३१:५) दिन्छन्। यो दशांश दिने सन्दर्भमा फेरि देखा पर्दछ (व्यवस्था १४:२३)। त्यस बाहेक, उनले अब्रामलाई आशिष दिन्छन् (उत्पत्ति १४:१९)।

फेरि त्यसै बखत अब्रामले उनलाई सबै थोकको दशांश दिए (उत्पत्ति १४:२०)। सारा स्वर्ग र पृथ्वीको सृष्टिकर्ता अर्थात् स्वामी (उत्पत्ति १४:१९) सृष्टिकर्ता परमेश्वरप्रति आभारित भएर उनले दशांशभेटी मेल्कीसेदेकलाई दिएका थिए। "स्वर्ग र पृथ्वी सृजनुहुने" भन्ने व्याकांशले सृष्टिको कथालाई याद दिलाउँछ (उत्पत्ति १:१)। त्यसको अर्थ "सबै" भन्ने पनि बुझ्नुपर्दछ। परमेश्वरप्रति आभारित वा कृतज्ञ भएर दशांश दिन्दा परमेश्वर नै सबै थोकको मालिक भनेर बुझ्नु आवश्यक छ (हिब्रू ७:२-६, उत्पत्ति २८:२२)। यो अचम्म मान्नु जरुरी छ कि दशांश दिने भनेको परमेश्वरलाई चढाइने उपहार वा भेटी नभइकन परमेश्वरको उपहार हामीलाई दिएको हो, किनभने उहाँले हामीलाई पहिला सबै थोक दिनुहुन्छ।

**दशांश दिनु भनेको परमेश्वरप्रति हाम्रो आस्था कतिको रहेछ भनेर देखाउने अत्यन्तै प्रभावकारी प्रमाण किन हो, साथै यसले हाम्रो आस्थाको निर्माण गर्न ठूलो सहयोग कसरी गर्दछ?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटको लेख** "अब्राम कनानमा", पाट्रियार्क एण्ड प्रोफेटस, पृ. १३४-१३६।

"ख्रीष्टको चर्च सबैको निम्ति आशिष हुनुपर्दछ। यसका सदस्यहरू आशिष पाउनुपर्छ र तिनीहरूले आफूहरूले पाएका आशिषहरू अरूहरूलाई बाँड्नुपर्दछ। मानिसहरूलाई परमेश्वरले आफ्ना छोराछोरीहरू बनाउनेमात्र उहाँको लक्ष्य होइन, तर, परमेश्वरले दिनुभएका आशिष र आत्मज्ञानहरू संसारले पनि तिनीहरूबाट उपभोग गर्न सकुन् भन्ने उहाँको चाहना हो। जब परमेश्वरले अब्राहमलाई रोज्नुभयो उनी केवल उहाँको विशेष मित्र हुनको लागिमात्र थिएन, तर सारा राष्ट्रहरूले उहाँका बहुमूल्य र विशेष अवसरहरूको उपभोग गराउने माध्यम अब्राहम हुनसकोस् भन्ने उहाँको योजना थियो। नैतिकताको अन्धकारले घेरिरहेको वातावरणमा परमेश्वरको ज्वाला हुन अब्राहमलाई चुनिएको थियो।

"जुनसुकै बेला परमेश्वरले उहाँका छोराछोरीहरूलाई ज्योति वा आत्मज्ञान र सत्यले आशिष दिनुहुन्छ, ती ज्ञान तिनीहरूलेमात्र थाहा पाएर तिनीहरूले अनन्त जीवन पाओस् भन्नाको निम्तिमात्र दिइएको हुँदेन। तर, तिनीहरूका वरिपरिरहेकाहरूले पनि आत्मिकरूपमा प्रज्वलित हुनसकोस् भन्ने हेतुले ती ज्योति र सत्य तिनीहरूलाई दिएको हुन्छ। येशूले भन्नुभयो, "तिमीहरू पृथ्वीका नुन हौ।" नुनको एक मूख्य काम हो चिजलाई सुरक्षित राख्नु। जब परमेश्वरले आफ्ना भक्तहरूलाई नुन बनाउनुहुन्छ, त्यो तिनीहरूलाई सुरक्षित राख्नको निम्तिमात्र होइन, तर अरूहरूलाई सुरक्षित राख्न तिनीहरू उहाँको एजेन्ट वा प्रतिनिधि हुन सकोस् भन्ने उहाँको चाहना हुन्छ।

"के तपाईं परमेश्वरको भवनमा जीवित पत्थर भएर चम्किनुहुन्छ...हामीहरूको प्रत्येक कारोबारमा त्यसले नियन्त्रण गर्न सकिएन वा प्रभाव पार्न सकेन भने हामीमा सकली, सच्चा वा पक्का धर्म छैन भनेर बुझ्नुपर्दछ। हामीहरूको जीवनको प्रत्येक पलपलमा व्यवहारिक ईश्वरीय तत्वले बुनिएको हुनुपर्दछ। हामीहरूका हृदयहरूमा परमेश्वरको अनुग्रहले हाम्रो चरित्र र जीवनशैलीमा कायापलट वा आमूल परिवर्तन गर्न दिनु अति आवश्यक छ। आफू धेरै कम हुनु र येशू धेरै धेरै हुनु हाम्रो जीवनको माग र आवश्यकता हो।"-एलेन जी ह्वाइट, *रिफ्लेक्टिङ्ग क्राइस्ट,* पृ. २०५बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. "म तिमीलाई आशिष दिनेछु...तिमी अरूहरूको निम्ति आशिष हुनेछौ" (उत्पत्ति १२:२ रूपान्तरित) भनेर अब्राहमले पाएको आशिषको सन्दर्भमा हामीले आशिष पाउनु भनेको के हो? जुन परमेश्वरलाई अब्रामले आराधना गरे त्यही परमेश्वरलाई आराधना गर्ने हामीले अरूहरूको निम्ति हामी आशिष कसरी हुनसक्छौं?**

**आ. आफ्नै श्रीमतीलाई बहिनी भनेर केही हदमा झुट बोल्नु अब्रामको किन गल्ती थियो? कुनै सत्य कुरा किन नहोस् त्यसलाई बँग्याएर कुरा गर्नु पनि औपचारिकरूपमा किन झुटै ठहरिन्छ?**

**इ. सोडोमको राजाले अब्रामलाई दिन चाहेको उपहारको बारेमा उत्पत्ति १४:२१-२३ फेरि पढ्नुहोस्। अब्रामले जुन जे बोले त्यो किन बोले? यस कथाबाट हामीले के महत्तपूर्ण पाठ सिक्न सक्छौं? अब्रामलाई राजाले दिएका उपहारहरू लिनु के उचितै थिएन र?**

## कथा ६
## जिउन हत्ते गर्दै छु
## डेभिद डियको ड भिक्टोरिया; २९, मोजाम्बिक



युवा अवस्थामा नै म आन्गोलामा गाँजा र अरू लागुपदार्थ बेच्ने गिरोहको फन्दामा परेको थिएँ। हाम्रो गिरोहमा १३ जना थियौं। अरूहरूले लागुपदार्थ बेच्न मैले किनी दिन्थें। म आफैले त लागुपदार्थ प्रयोग गरिनँ। अरू साथीहरूले म तिनीहरूभन्दा असल छु भनेर म सोच्थें भनेर तिनीहरूको दिमागमा थियो। एक दिन गिरोहको नाइकले मसँग सामाना गर्‍यो। "यदि हामीले जस्तै गाँजा तिमीले तानेनौ भने हामी सबै मिलेर तलाइँ बेसरी चुट्नेछौं," उसले धम्क्यायो। म के गरुँ त? त्यसकारण म पनि गाँजा तान्न थालें। मैले गाँजा तान्न थालेपछि म अपराधी जीवनको गहिरो खाल्डोमा पर्न गएँ। म केवल लागु पदार्थ किन्ने र बेच्ने गिरोहमामात्र परिनँ, कार चोर्ने, पसल लुट्ने र घर फोर्ने काममा पनि सरिक हुन थालें। आन्गोलाको राजधानी लुवान्डाको बाहिर क्षेत्रमा हामीदेखि मानिसहरू त्राहीत्राही हुन थालेका थिए। त्यसकारण पुलिस सक्रिय भयो र छोटो समयमा नै मेरा १२ जना साथीहरूलाई पुलिसले मारे। जसरी तसरी म त्यस पुलिसको फन्दाबाट म उम्कें। एक जना साथी र म मिलेर नयाँ गिरोहको स्थापना गरें। अब म लागुपदार्थको कुलतमामात्र होइन म गिरोहको अगुवा पनि भएँ र लागुपदार्थ बेचबिखन र अपराधमा धेरै संलघ्न हुन थालें।

तर मैले बिताएको जीवनदेखि मलाई गौरब लागेको थिएन। १८० जना साथीहरूलाई पुलिसले मारेको मैले देखें। मलाई ४० पल्टभन्दा बेसी पुलिसले समातेको थियो। तीन पल्ट त मलाई अपराधी घोषणा गरेको थियो। जब म तेस्रो पल्ट झ्यालखानामा थिएँ, मैले। पहिलो पल्ट एडभेन्टिस्ट चर्चको बारेमा सुनें। चर्चको एक जना सदस्यले मलाई बराबर भेट्न आउँथ्यो र मलाई बाइबल सिकाउँथ्यो। जब म झ्यालखानाबाट छुटें तब म फुफुको घरमा बस्न गएँ। त्यहाँ पनि मैले नयाँ गिरोह बनाएँ। एक दिन हामी पेट्रोल पम्प पसलमा लुट्दै थियौं, त्यसबेला ठूलो गल्ती भयो। त्यहाँ सुरक्षा गार्डसँगको मुठभेटमा उसको हत्या भयो। जब म मेरो फुफुको घरमा म थिएँ भनेर थाहा पाए तब पुलिसले मलाई मार्न आयो। पुलिसले छापा मारेपनि म तिनीहरूबाट बचें। म सुतिरहेको थिएँ। पुलिसले मलाई यताउती खोजेपनि

मलाई भेट्टाएन। मेरी फुफु डराइन र घरबाट निस्कनु भनेर अर्‌हाइन्। त्यसकारण, मेरी आमाको भुईंतलामा सरें। त्यहाँ गुन्डाहरू आएको मेरी आमालाई मन परेन। उनले मलाई झाँक्रीकहाँ लग्नुभयो, जसले मलाई सहयोग गर्छु भनेर वचन दिएको थियो। केही समय झाँक्रीको उपचारले काम गर्न थाल्यो। मैले चार महिनासम्म लागुपदार्थ खाइनँ र कुनै पनि अपाराधी क्रियाकलापमा सँलघ्न भइनँ। मेरी आमा र बाँकी परिवार मदेखि खुशी थिए। तर पाचौं महिनापछि म फेरि पुरानै जीवनमा फर्कें।

तब एक दिन एक जना मानिससँग साथी बन्न पुगें। उसको नाउँ पिम्प थियो। उसको जिउभरी टाटु थियो। उसको नाउँ र हेराइले गर्दा ऊपनि म जस्तै गिरोह हुनसक्थ्यो। तर ऊ गिरोह जस्तो कुरा गरेन र आनीबानी पनि गिरोहको जस्तो थिए तर ऊ एडभेन्टिस्ट थियो। एक दिन पिम्पले मलाई रोमी ८:१४,१५ बाइबलबाट देखायो जसमा लेखिकएको थियो, " किनभने सबै, जो परमेश्‍वरका आत्माले डोर्‍याइएका हुन्छन्, तिनीहरू नै परमेश्‍वरका सन्तान हुन्। किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले जब हामी परमेश्‍वरलाई "अब्बा, पिता" भनी पुकाछौं।" जब मैले ती वचनहरू सुनें तब म पनि परमेश्‍वरको छोरा हुन चाहनाको सृजना भयो। मैले सोचें, "के मेरो निम्ति परमेश्‍वरको योजना छ त?" म पिम्पसँग बाइबल अध्ययन गर्न थालें। जब म बाइबल अध्ययन गर्न थालें तब मैले परमेश्‍वरको बारेमा सिकें र उहाँले म जस्तो अपराधीलाई पन मलाई गर्नुहुन्छ भनेर महसुस गरें। येशू मेरो निम्ति मर्नुभएको थाहा पाएँ। ""किनभने परमेश्‍वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्‍वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।" यूहन्ना ३:१६।

मेरो जीवनमा परिवर्तन आउन थाल्यो। म मर्न चाहेको निर्णय गरें। मेरो पुरानो जीवन मरेको र येशूमा नयाँ जीवन भएको मैले चाहें। मैले येशूलाई मेरो हृदय दिएँ र सन २०१३मा एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिएँ।

आज म परमेश्‍वरलाई धन्यवाद दिन्छु। म अहिले मोजाम्बिक एडभेन्टिस्ट विश्‍वविद्यालयमा पास्टरीय शिक्षा हासिल गर्दैछु।

मेरा परिवार, छिमेकी र साथीहरूले म एडभेन्टिस्ट भएकोले घोर विरोध गरे। तर त्यसको पर्वाह मलाई छैन। मेरो जीवनभरी येशूको सेवा गर्न चाहन्छु। म हृदयदेखि नै चाहना र प्रार्थना गर्दछु कि धेरै मानिसहरूलाई येशूतिर म तान्नसकुँ। मेरो परिवारका सदस्यहरूले पनि येशूलाई प्रेम गरुन् भन्ने म चाहना गर्छु।